तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

मिति २०८३ साल आश्विन महिनाको २९ गते तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री रामकृष्ण खाणज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.स. | पद/दर्जा | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर कार्यपालिका अध्यक्ष | नगर-प्रमुख, श्री रामकृष्ण खाण | |
| २. | नगर कार्यपालिका सदस्य | उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी | |
| ३. | नगर कार्यपालिका सदस्य | श्री फर्शुराम गिरी | |
| ४. | नगर कार्यपालिका सदस्य | श्री डिल बहादुर भट्टराई | |
| ५. | नगर कार्यपालिका सदस्य | श्री कल्याण प्रसाद पौंडेल | |
| ६. | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर क्षेत्री | |
| ७. | नगर कार्यपालिका सदस्य | श्री रमेश डुम्रे | |
| ८. | नगर कार्यपालिका सदस्य | श्री गणेश पाठक | |
| ९. | नगर कार्यपालिका सदस्य | श्री देवी प्रसाद पंगेनी | |
| १०. | नगर कार्यपालिका सदस्य | श्री कृष्ण प्रसाद पौडेल | |
| ११. | नगर कार्यपालिका सदस्य | श्री ध्रुव न्यौपाने | |
| १२. | नगर कार्यपालिका सदस्य | श्री गोपाल प्रसाद घिमिरे | |
| १३. | नगर कार्यपालिका सदस्य | श्री विष्णु बहादुर बराल क्षेत्री | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सहदेव थारु | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री नारायण ढकाल | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री अश्विन पौडेल | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री खेमराज गुरुङ्ग | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री झविलाल भुसाल | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री दान बहादुर चौधरी | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री सुरेन्द्र श्री | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री राधा शाही | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी घिले | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री रवि सेन्चुरी | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री नर बहादुर छन्तेल | |
| २५. | नगर कार्यपालिका सदस्य | श्री तारा सुनार | |
| २६. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा पन्थी आचार्य | |
| २७. | नगर कार्यपालिका सदस्य | श्री देवकी चौधरी | |
| २८. | सचिव | श्री बाबुराम पौडेल | |

तिलोत्तमा नगरपालिका

कार्यपालिका बैठक सङ्ख्याः ३/२०८३/८४ (२००) मितिः २०८३/०६/२९ गते ।

बैठकका कार्यसूचीहरू:

१. LGPAS को प्रारम्भिक नतिजा जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देहीमा पठाउने सम्बन्धमा ।

२. जिल्ला समन्वय समितिबाट म्याचिङ्ग फण्ड माग गर्ने सम्बन्धमा ।

३. तिलोत्तमा बहुउद्देश्यीय टावर जाने बाटो निर्माण तथा टावर मर्मतको लागि बजेट सम्बन्धमा ।

४. तिलोत्तमा बहुउद्देश्यीय टावरको आय ठेक्का सम्बन्धि कागजात स्वीकृत गर्ने निर्णयको अनुमोदन सम्बन्धमा ।

५. विभिन्न हाटबजारको बैठकी शुल्क असुली सम्बन्धि निर्णयको अनुमोदन सम्बन्धमा ।

६. घरजग्गा रजिष्ट्रेशन दस्तूर छुट दिनका लागि सिफारिस सम्बन्धमा ।

७. योजना पुस्तिकामा फरक परेको नाम संशोधन सम्बन्धमा ।

८. 'घ' वर्गको निर्माण ईजाजत सम्बन्धमा ।

९. विविध

क) वडा सदस्यको राजिनामा सम्बन्धमा ।

ख) वर्षिम घाँसको बिउ खरिद गर्ने निर्णय अनुमोदन सम्बन्धमा ।

ग) वडा नं. ११ मा प्रस्तावित रंगशालाको लागि जग्गाको भोगाधिकार माग गर्ने सम्बन्धमा ।

घ) शुभकामना आदनप्रदान सम्बन्धमा सम्बन्धमा ।

ङ) शोक प्रस्ताव सम्बन्धमा

रामकृष्ण खाण
नगर प्रमुख

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १

स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन कार्यविधि, २०८२ को दफा १४ को उपदफा (१) बमोजिम गठित स्व-मूल्याङ्कन समितिबाट आर्थिक वर्ष २०८२/८३ कार्य सम्पादन मूल्याङ्कन हुँदा यस नगरपालिकाले ८७.२० (सतासी दशमलव बीस) अङ्क प्राप्त गरेको हुँदा कार्यविधिको दफा ६ को उपदफा (१) खण्ड (छ) बमोजिम पृष्ठपोषणका लागि जिल्ला समन्वय समिति पठाउने ।

निर्णय नं. २

जिल्ला समन्वय समितिबाट राजस्व बाँडफाँड वापत प्राप्त हुन बाँकी रहेको रू.१,१५,००,०००/- (अक्षरुपी एक करोड पन्ध्र लाख) प्राप्त गर्नको लागि सम्बन्धित कार्यविधिले तोके अनुसार भवन निर्माण सम्बन्धी योजना अन्तर्गत चालु आर्थिक वर्ष २०८३/८४ मा यस नगरपालिकाको वडा नं. २ र वडा नं. ७ मा निर्माण हुने वडा कार्यालय भवनको लागि आवश्यक लागत साझेदारी रहने गरी बजेट प्राप्त गर्न जिल्ला समन्वय समिति, रुपन्देही समक्ष प्रस्ताव पेश गर्ने।

निर्णय नं. ३

शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र (वनबाटिका) को हाता भित्र निर्माण गरिएको तिलोत्तमा बहुउद्देश्यीय टावर (भू-टावर) को सञ्चालनको लागि पश्चिम तर्फको सडकबाट पार्किङ्ग स्थल सम्मको पहुँच मार्ग निर्माणको लागि शंकरनगर स्वास्थ्य चौकीको दक्षिणको सिमानाबाट कम्तिमा २० फिटको चौडाई हुने गरी सडक निर्माण गर्न र टावरमा अत्यावश्यक मर्मतको कार्य गर्न प्राविधिक लागत अनुमान अनुसारको स्रोत सुनिश्चितता गरि ठेक्का प्रकृया प्रारम्भ गर्ने ।

निर्णय नं. ४

यस तिलोत्तमा नगरपालिका वडा नं.२ मा रहेको शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र (वनबाटिका) को परिसरमा यसै नगरपालिकाबाट निर्माण गरिएको तिलोत्तमा बहु-उद्देश्यीय टावर (भ्यु टावर) सञ्चालनको कार्य आय ठेक्का बन्दोवस्ती प्रकृयाबाट निजिक्षेत्र मार्फत गर्ने गराउने कार्यको लागि "तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६" को परिच्छेद १२ आय ठेक्का बन्दोबस्त सम्बन्धी व्यवस्था अन्तर्गतको दफा १३८ (ख) प्रयोजनका मिति २०८३/०६/०१ गतेको नगरप्रमुख स्तरीय निर्णयबाट स्वीकृत भएको खरिद प्रकृया सम्बन्धि कागजात (पाना संख्या १३) अनुमोदन गर्ने ।

निर्णय नं. ५

तिलोत्तमा नगरपालिकाको देहायका हाटबजारहरुमा आर्थिक वर्ष २०८३/८४ र २०८४/८५ गरि दुई आर्थिक वर्षको लागि बैठकी शुल्क उठाउन पटक पटक सूचना प्रकाशन गर्दा समेत ठेक्का बन्दोबस्ति हुन नसकेको हुँदा मिति २०८३/०६/०९ गतेको नगर प्रमुख स्तरीय निर्णयबाट आर्थिक वर्ष २०८३/८४ को बाँकी अवधिका लागि मात्र देहाय बमोजिम हुनेगरि बैठकी शुल्क उठाउन कायदिश दिने निर्णय अनुमोदन गर्ने ।

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

देहाय

क) प्रत्येक हाटबजारको वार्षिक न्युनतम अंकको प्रति हाटबजार दामासाहीले हुन आउने दरले एक महिनाको एकमुष्ठ शुल्क अग्रिम रुपमा दाखिला गर्नुपर्नेछ ।

ख) प्रति हाटबजार देहायको राजस्व हरेक हप्ता नगरपलिकामा दाखिला गर्नुपर्नेछ ।

तपसिल

| क्र. सं. | हाटबजारको नाम | वडा नं. | २०८३/८४ को लागि न्युनतम अंक रू. | वार्षिक बजार संख्या | प्रति बजार दाखिला गर्नुपर्ने रकम रू. | शुल्क उठाउने जिम्मा पाएका व्यक्ति/संस्था |
|---|---|---|---|---|---|---|
| १ | कान्छीबजार हाटबजार | वडा नं.१० | ६७१०००.०० | १०४ | ६४५२.०० | रामकृष्ण खाद्यान्न सप्लायर्स, तिलोत्तमा–११ |
| २ | रामनगर हाटबजार | वडा नं.११ | ५२०००.०० | ५२ | १०००.०० | |
| ३ | शिवपुर हाटबजार | वडा नं.११ | १२८०००.०० | ५२ | २४६२.०० | |
| ४ | भुल्का हाटबजार | वडा नं.११ | १३००००.०० | ५२ | २५००.०० | |
| ५ | नौ नं. हाटबजार | वडा नं.१२ | ७१४०००.०० | १०४ | ६८६५.०० | |
| ६ | बनकट्टी हाटबजार | वडा नं.१३ | ५७६०००.०० | १०४ | ५५३८.०० | |
| ७ | कोटीहवा हाटबजार | वडा नं.१५ | २१,०१,०००.०० | ५२ | ४०,५००.०० | सर्वजीत गुरुङ्ग, तिलोत्तमा १५ |

**निर्णय नं. ६**

तिलोत्तमा नगरपालिका वडा नं. ०९ मा दर्ता कायम रहेको श्री शक्ति इण्डष्ट्रिज प्रा. लि. ले मिति २०८३/०६/२६ गतेको निवेदन एवम् तिलोत्तमा नगरपालिका ९ नं. वडा कार्यालयको च.नं. ८८०, मिति २०८३/०६/१२ गतेको सिफारिस अनुसार तिलोत्तमा नगरपालिका वडा नं. ९ मा पर्ने देहायका जग्गामा उत्पादनमूलक उद्योग श्री शक्ति इण्डष्ट्रिज प्रा. लि. को नाममा जग्गा खरिद गर्दा लाग्ने घरजग्गा रजिष्ट्रेसन शुल्क छुटका लागि सिफारिस दिन माग भई आएकोमा लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८३ को दफा २ सँग सम्बन्धित अनुसूची-१ को खण्ड (घ) को सि.नं. ३ को व्यवस्था बमोजिम घरजग्गा रजिष्ट्रेसन शुल्क छुट दिने प्रयोजनको लागि मालपोत कार्यालय बुटबल, रूपन्देहीलाई सिफारिस गरी पठाउने ।

तपसिल

| क्र.सं. | जग्गा धनीको नाम | वडा नं. | कित्ता नं. | क्षेत्रफल (ज.बि) |
|---|---|---|---|---|
| १ | महाकाली ओलियो केमिकल्स प्रा.लि. | ९ | करहिया २ कि.नं.१५९ | २-१०-०-० |
| २ | महाकाली ओलियो केमिकल्स प्रा.लि. | ९ | करहिया २ कि.नं.१५८ | ०-२-१०-० |
| ३ | बालकृष्ण भुसाल | ९ | करहिया २ कि.नं.१६० | ०-१३-०-० |

**निर्णय नं. ७**

तिलोत्तमा नगरपालिका नगरविकास योजना २०८३/८४ सामाजिक विकास अन्तर्गतको क्र.सं. २३२ मा उल्लेख भएको योजनाको नाम फरक पर्न गएको हुँदा देहाय बमोजिम कायम हुनेगरि नाम संशोधन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

तपसिल

| क्र.सं. | योजनाको साबिकको नाम | संशोधन पछि कायम नाम |
|---|---|---|
| २३२ | राममणी र शंकरनगर दुर्गादत्त क्याम्पस पूर्वाधार निर्माण | राममणी र शंकरनगर बहुमुखी क्याम्पस पूर्वाधार निर्माण |

**निर्णय नं. ८**

यस कार्यालयमा दर्ता भएको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी निवेदन बैठकमा पेस भै जानकारी भयो । सो सन्दर्भमा जाँचबुझ तथा सिफारिस समितिको मिति २०८३/०५/१७ गतेको सिफारिस बमोजिम श्री श्रृङ्गेश्वर कन्स्ट्रक्सन प्रा. लि. तिलोत्तमा नगरपालिका वडा नं. ४ लाई "तिलोत्तमा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५" को दफा ४ बमोजिम "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने ।

**निर्णय नं. ९ (क)**

तिलोत्तमा नगरपालिका वडा नं.१२ वडा सदस्य श्री यम प्रसाद पोखरेलले आफ्नो पदबाट दिएको राजिनामा १२ नं. वडा समितिको मिति २०८३/०४/०४ गतेको बैठकबाट स्वीकृत भई अनुमोदनको लागि कार्यपालिका समक्ष पेश हुन आएको र वडा नं.१० का वडा सदस्य श्री बालकृष्ण लम्साल आफ्नो पदबाट दिएको राजिनामा १०नं. वडा समितिको मिति २०८३/०४/०६ गतेको बैठकबाट स्वीकृत भई अनुमोदनको लागि कार्यपालिका समक्ष पेश हुन आएको हुँदा उक्त निर्णयहरु अनुमोदन गर्ने ।

**निर्णय नं. ९ (ख)**

आर्थक वर्ष २०८३/८४ को लागि घाँसको बिउमा अनुदान कार्यक्रम अन्तर्गत नगरपालिकाको बजेट शीर्षक नं. २२५२१ मा विनियोजन भएको रू.१५,००,०००/- लाख र कृषकको लागत सहभागिता रू.१५,००,०००/- लाख गरि कूल रू.३०,००,०००/- बजेट बाट वर्षिम घाँस खरिद गर्न पटक पटक बोलपत्र आव्हानको सूचना प्रकाशन गर्दा समेत ठेक्का बन्दोबस्ती हुन नसकेको र पुनः बोलपत्र प्रकृयाबाट खरिद गरि वितरण गर्न ढिलाई हुन जाने कारण मिति २०८३/०६/०९ गतेको नगरप्रमुख स्तरिय निर्णयबाट वडा स्तरीय कृषि समिति सञ्जाल/पशुपालन समुह मार्फत उक्त कार्यक्रम कार्यान्वयन गर्ने निर्णय अनुमोदन गर्ने ।

**निर्णय नं. ९ (ग)**

तिलोत्तमा नगरपालिका वडा नं. ११ भुतपूर्व सैनिक टोलमा सुखौरा सामुदायिक वन क्षेत्रमा पर्ने देहायको चारकिल्ला रहेको करिब १० (दश) हेक्टर (ज.बि. १४-१५-०६) जग्गामा बहु-उद्देश्यीय रंगशाला, कभर्ड हल, पौडी पोखरी, पार्किङ्ग स्थल र बगैचा लगायतका खेल सम्बन्धी विभिन्न संरचनाहरु निर्माण गर्नका लागि प्रचलित कानुन बमोजिम जग्गाको भोगाधिकार माग गर्ने सम्बन्धमा नेपाल सरकार, शिक्षा तथा खेलकूद मन्त्रालय समक्ष सिफारिस गर्ने

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

तपसिल

पूर्व- भलुही कान्छीबजार पक्की बाटो पश्चिम- पञ्चेश्वर महादेव मन्दिर देखि ३०० मीटर पश्चिम सम्म
उत्तर- रोहिणी खोला दक्षिण- पञ्चेश्वर महादेव मन्दिर

निर्णय नं. ९ (घ)

नेपालीहरुको महान पर्व वडादशैं, दिपावली, नेपाल सम्वत्, छठ पर्व तथा मोहम्मद जयन्तीको अवसरमा सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु र तिलोत्तमावासी आमावुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको तर्फबाट सु-स्वास्थ्य, दीर्घायु र सुख शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना प्रकट गर्दछौं ।

निर्णय नं. ९ (ङ)

तिलोत्तमा नगरपालिकाका उपप्रमुख श्री जगेश्वर देवी चौधरीका श्रद्धेय ससुरावुवा शंकर प्रसाद थारुको मिति २०८३ असोज ११ गते ९६ वर्षको उमेरमा र जनस्वास्थ्य अधिकृत श्री केशव भट्टराईको पुजनीय पिता चुरामणी उपाध्यायको मिति २०८३ असोज १९ गते ८६ वर्षको उमेरमा देहान्त भएको हुँदा तिलोत्तमा नगरपालिका, नगरकार्यपालिकाको तर्फबाट दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख